# आर्थिक बर्ष २०७७।७८ को बजेट

## हँसपुर नगरपालिकाको छैठौ नगरसभामा २०७७।०३।१० गते नगर उप-प्रमुख श्री रेणु झा  ज्यूले प्रस्तुत गर्नु भएको बजेट बक्तव्य

हँसपुर नगरपालिका

बघचौडा, धनुषा

२ नं. प्रदेश, नेपाल

२०७७

१. चालु आ.व. २०७७।७८ को बजेट यस नगरपालिकाका जनताको प्रतिनिधिमूलक तथा गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई खुशीको अनुभुति भएको छ ।

२. यस घडीमा सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष र पटक-पटकको मधेश आन्दोलनको गौरवपूर्ण इतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा शहीद हुनु भएका तथा वेपत्ता पारिनु भएका सवैका प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । एवम् शहीदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवनयापन गरिरहनु भएका नागरिकहरुलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरुको त्याग र बलिदानप्रति कृतज्ञता व्यक्त गर्दछु ।

३. नेपालमा राजनैतिक संक्रमणको लामो कालखण्डको अन्त्य भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न नेपाली जनताको त्याग र वलिदानबाट हालसम्म प्राप्त भएका राजनैतिक उपलब्धिहरुको रक्षा गर्दै विद्यमान गरिबी पछ्यौटेपन, सामाजिक अन्धविश्वास र विभेदको अन्त्य गरी यस नगरपालिकालाई समृद्ध बनाउने जिम्मेवारी हामीमा आएको छ ।

४. जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न यो सरकार आवश्यक संस्थागत र व्यवस्थापकीय प्रबन्ध मिलाउदै अघि बढिसकेको व्यहोरा यस अवसरमा अवगत गराउन चाहन्छु ।

५. नेपाल सरकार तथा प्रदेश सरकारको आ.व. ०७७।७८ को बजेट वक्तव्य मार्फत घोषित योजना तथा कार्यक्रमहरु सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दै सोमा यस नगरपालिकाले पूर्ण रुपमा सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

६ यस चालु आ. व. को वजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित नागिरकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र प्राथमिकता नगरपालिकाको नीति तथा कार्यक्रम नगर सभाको माननीय सदस्यज्युहरुले दिनुभएको सुझावहरु, पूर्व वजेट छलफलका क्रममा प्राप्त हुन आएका रचनात्मक सुझावहरु तथा आ. व. ०७६।०७७ को तोकिएका उल्लिखित महत्वपूर्ण कार्यक्रमहरुलाई यो वजेट तर्जुमाको मार्ग दर्शनको रुपमा लिएको छु ।

सभा अध्यक्ष महोदय,

अब म स्थानीय सरकारका चुनौतीहरु प्रस्तुत गर्न चाहन्छु ।

७. यो सरकारका सामु मुख्य रुपमा निम्न चुनौतीहरु देखिएका छन् । जनतामा राजनैतिक परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक सामाजिक रुपले रुपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतीको रुपमा रहेको छ ।

स्थानीय शासन व्यवस्था संचालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु तयार भइ नसकेको र दक्ष जनशक्तिको कमि रहेकोले उपलब्ध श्रोत साधनको कुशल विनियोजन गरी विकास आयोजनाहरुको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ ।

सरकार प्रतिको जनविश्वासलाई मजवुत वनाई प्राप्त संघीय लोकतान्त्रिक शासन प्रणालीलाई थप संस्थागत र दिगो बनाउदै लैजानु पर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

बजेटका उद्देश्य

८. यो बजेटका उद्देश्यहरु यस प्रकार छन्

जनताका बीचमा सरकारको बलियो उपस्थिति देखाउने ।

- स्थानीय शासन व्यवस्था संचालनका सम्पूर्ण पूर्वाधारहरु तयार गरी जनताका सुशासनको प्रत्याभूति दिने ।
- नागरिकको आयस्तरमा सुधार गरी गरिबी न्युनीकरण गर्ने ।

- स्थानीय आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशिला तयार गर्दै जाने ।

बजेटका प्राथमिकता

९. यस चालु आ. व. को बजेटका प्राथमिकता देहाय अनुसार रहेका छन ।

- सुशासन
- भौतिक पुर्वाधर निर्माण तथा सामाजिक विकास
- नीतिगत कानुनी एवं संरचनागत प्रवन्ध
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वीत्तीय अनुशासन र पारदर्शिता
- बालबालिकाको हकहितको संरक्षण एवं महिला सशक्तीकरण तथा क्षमता विकास
- उद्यमशीलताको विकास र रोजगारी सृजना
- स्थानीय मौलिकता ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाइ एवं वातावरणीय स्वच्छता अभिवृद्धि
- संघ र प्रदेश सरकारसँग सौहार्दपूर्ण सम्वन्धको विकास तथा सहकार्य ।

१०. संविधान बमोजिम यस स्थानीय सरकारले संघ र प्रदेश तह बीचको सम्वन्धलाई अघि बढाउने छ ।

सभाध्यक्ष महोदय,

बजेट कार्यान्वयन

११. बजेटमा प्रस्तुत भएका कार्यक्रमहरुको समयवद्ध कार्ययोजना तयार गरी आर्थिक वर्षको अन्त्यसम्ममा नै कार्यान्वयन गरिनेछ । कार्यक्रमको कार्यान्वयनका लागि हरेक क्षेत्रका आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरुको तर्जुमा र परिपालनाको माध्यमबाट खर्चमा हुन सक्ने अनियमितता रोकिनेछ ।

१२. प्रतिनिधि एंव कर्मचारीहरुको क्षमता विकास तथा नियमित अनुगमनको माध्यमबाट बजेट कार्यान्वयनलाई सहज बनाइनेछ ।

१३. यस चालु आ.व. २०७७।७८ मा विनियोजित बजेट मध्ये पूंजिगत र चालु गरि कुल ९० प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

१४. आर्थिक वर्ष २०७७।७८ को आर्थिक विधेयक २०७७ तथा विनियोजन विधेयक २०७७ यसै साथ संलग्न छ।

सभाअध्यक्ष महोदय,

१५. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापन योजना प्रस्तुत गर्दछु ।

१६. यस चालु आर्थिक वर्षका निती तथा कार्यक्रम कार्यान्वयन गर्न रु ९० करोड १६ लाख ७४ हजार ४ सय ६० विनियोजन गरेको छु । कुल विनियोजन मध्ये रु.६१ करोड ५० लाख ७२ हजार अर्थात ६८ प्रतिशत पूंजिगत र २८ करोड ७७ लाख २ हजार ४ सय६० अर्थात ३२ प्रतिशत चालु खर्चमा विनियोजन गरेको छु ।

१७. यस चालु आर्थिक बर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये राजश्व बाँडफाडबाट ७ करोड ९७ लाख २ हजार ४ सय ६०, नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान १२ करोड ७ लाख र संघिय सरकारबाट हस्तान्तरित विभिन्न कार्यक्रम लगायत सामाजिक सुरक्षा कार्यक्रमका लागि सशर्त अनुदानबाट १९ करोड ८९ लाख , प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान ७३ लाख ७२ हजार र पोषण तथा अन्य कार्यक्रमका लागि प्राप्त अन्य अनुदान बाट १८ लाख ८५ हजार तथा नगरपालिकाको राजश्वबाट अनुमानित २ करोड र गत आ. व. २०७६।७७ को चालु तथा पूंजिगतबाट अ.ल्या. गरिएको मौज्दात रु. ४३ करोड गरी संतुलित बजेट अनुमान गरेको छु ।

१८. यस चालु आ.ब. मा पूर्वाधार विकासका कार्यलाई प्राथमिकता दिई पूर्वाधार विकासमा रु ६१ करोड ५० लाख ७२ हजार विनियोजन गरेको छु ।बातावरण तथा विपद् व्यवस्थापनका रु. १ करोड

तथा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि ७ करोड ९७ लाख २ हजार ४ सय ६०  विनियोजन गरेको छु ।

१९. अब म आर्थिक बर्ष २०७७।७८ को राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२०. नेपालको संविधानले यस पालिकालाई प्रदान गरेको राजश्व परिचालनको अधिकारको कार्यान्वयनको शुरुवात पालिकामा पहिलो पटक हुँदैछ ।यसका लागि आवश्यक पर्ने कर तथा गैरकर राजश्व सम्बन्धी कानुनहरुको तर्जुमा स्वीकृतिको लागि यस सम्मानित सभासमक्ष पेश गरिएको छ ।

२१. यस पालिकाको राजश्व परिचालन गर्न संस्थागत व्यस्था गरिनेछ ।

२२. स्थानीय तहहरु तथा सरोकारवालासँग समन्वय गरि राजश्वका वर्तमान दरहरु पुनरावोलकन गरिनेछ ।

२३. कृषि क्षेत्रको दैनिय अवस्थालाई मध्य नजर गर्दै कृषिमा आय कर नलाग्ने व्यवस्था गरेको छु ।

२४. यो बजेट तर्जमा गर्दा मार्गनिर्देश प्रदान गर्नुहुने सम्मानित सभाका सभाध्यक्ष ज्यू र नगर सभाका सदस्य ज्यूहरु प्रति अभार प्रकट गर्दछु ।

२५. निजीक्षेत्र सँग सम्बन्धित संघ संस्थाहरु, नागरिक समाज, समाजिक संस्था, संचार जगत, विषयविज्ञ, राजनीतिक दलका प्रतिनिधी तथा

राष्ट्रसेवक कर्मचारी र विदेशमा रहनुभएका यस नगरवासीसबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२६. अन्तमा यो बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद